**बैठक नं. ०७**

(बैठक संख्या ८२)

आज मिति २०८२/०८/२१ गते विहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री बिष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | अनुपस्थित |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | अनुपस्थित |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री विमला गैहे | |
| | | | |
| | | | |

CamScanner

बैठक नं. ०७

मितिः २०८२/०८/२१

प्रस्ताव तथा निर्णयहरु

निर्णय नं १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

निर्णय नं २

**जिल्ला जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन समितिमा सिफारीस गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिका वडा नं ३ मा अवस्थित पिपलडाँडा,धुसेनी पाखाबारी,बेलपानी उपभोक्ता समितिको मिति २०८२/०८/२० को निर्णयबाट विगत १० वर्ष देखि ६० घर परिवारले उपभोग गर्दै आएको खानेपानीलाई नियमितरुपमा सुचारु गर्न सिद्धार्थ राजमार्गमा गएको सुख्खा पहिरोको कारण हालको धुसेनी मूल भासिएको र खानेपानी सुचारु गर्न नसकिने हुदाँ सो मूल देखि ६०० मिटर माथि मुस्लुङ खोलाको दाँयापट्टिको नयाँ मूलबाट खानेपानी ल्याई खानेपानी सुचारु गर्ने योजनाका लागि रम्भा गाउँपालिकाको सिफारीसमा जिल्ला विपद व्यवस्थापन समितिमा २ ईन्चको ६०० मिटर पाईप माग गर्ने भन्ने सम्बन्धमा निर्णय भएको साथै प्राविधिक प्रतिवेदनमा समेत उक्त खानेपानी सुचारुको लागि उल्लिखित परिमाणमा पाईप आवश्यक पर्ने देखिन आएको हुदाँ उक्त क्षेत्रमा खानेपानी सुचारुको लागि २ इन्चको ६०० मिटर पाईप उपलब्ध गराइदिनुहुन जिल्ला जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन समितिलाई सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं ३

**फुरुङ्दी लिफ्टीङ खा.पा. रम्भा ५ योजना कार्यान्वयन सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक योजना फुरुङ्दी लिफ्टिङ खा.पा. रम्भा ५ शिर्षकमा रु २५,००,०००(अक्षेरेपि पच्चिस लाख) विनियोजन भएको छ । सोही योजना अन्तर्गत रु १०,००,०००(अक्षेरेपि दश लाख) उक्त योजनाको विद्युतिय कार्यको लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्ने गरी योजना कार्यान्वयनको प्रक्रिया अगाडि बढेको छ । अतः उक्त योजनाबाट बाँकी हुन आउने रकम रु १५०००००(अक्षेरपि पन्ध्र लाख) बाट संयुक्त साझेदारीमा काम गर्ने गरी उक्त योजना कार्यान्वयनको प्रक्रिया अघि बढाउन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,तानसेन पाल्पालाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ४

**जग्गा प्राप्ति सम्बन्धमाः** प्रस्तुत विषयमा रम्भा-३,बडहरखोला(साविक पिपलडाँडा गा.वि.स. वडा नं ३)का निम्नलिखित जग्गादाताहरुले तपसिल बमोजिमका कित्ता नं. र क्षेत्रफल भएका जग्गाहरु रम्भा गाउँपालिकाको नाममा(बडहरखोला सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण गर्नको लागि) निशुल्क प्रदान गर्ने भन्ने लिखित मञ्जुरीनामा प्राप्त भएको र सो जग्गा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माणको लागि उपयुक्त देखिएकोले सो विषयमा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९(पहिलो संशोधन,२०८२) को दफा ५ को उपदफा २ बमोजिमको समितिलाई जानकारी गराउने तथा जग्गा प्राप्ति प्रक्रिया अघि बढाउने प्रयोजनका लागि सिफारीस गर्ने निर्णय गरियो ।

CamScanner

**बैठक नं. ०७**

**मिति: २०८२/०८/२१**

**तपसिल:**

| क्र सं. | जग्गाधनिको नाम | कित्ता नं | क्षेत्रफल प्लट रजिष्टर बमोजिम | उपलब्ध गराउने जग्गाको क्षेत्रफल | तर्फ | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | चेत बहादुर वैदवार | ६६६ | ३-२-३-२ | ०-८-०-० | दक्षिण | रम्भा ३, (साविक पिपलडाँडा- ३) पाल्पा |
| २ | लिला वेदवार | ६६७ | २-०-१-२ | ०-८-२-३.५ | उत्तर | रम्भा ३, (साविक पिपलडाँडा- ३) पाल्पा |
| जम्मा | | | | १-०-२-३.५ | | |

**निर्णय नं ५**

**हुँगी प्रहरी चौकीको लागि जग्गा प्राप्ती सम्बन्धमा:** प्रस्तुत विषयमा रम्भा-१, हुँगी क्षेत्र हुँदै राष्ट्रिय राजमार्गको रुपमा विकास हुँदै गरेको कालीगण्डकी कोरिडोर मोटरबाटो गएको र यस क्षेत्रको जनघनत्वमा समेत वृद्धि भएको कारण प्रहरी चौकी हुँगीलाई ईलाका प्रहरी कार्यालय(क) को रुपमा स्तरोन्नति गर्न आवश्यक भएकोले तत्कालिन समयमा गौचरन रहेको हुँगी अमिल्टार सामुदायिक वनले भोगचलन गर्दै आएको साविक हुँगी ४ अमिल्टारको ४ रोपनी जग्गा प्रहरी चौकी हुँगीको नाममा दर्ता भएको र उक्त जग्गा हाल हुँगी प्रहरी चौकीको कम्पाउण्ड बाहिरको सार्वजनिक खेल मैदानको जग्गामा भएको देखिएको कारण उक्त जग्गा खेल मैदानकै रुपमा प्रयोग हुने गरी हाल प्रहरी चौकीको भवनलाई समेटिने गरि सोको पूर्वतर्फ कालीगण्डकी कोरिडोर मोहडा पर्नेगरि ७७ मिटर र बाँकी जग्गा पछाड हुने गरि थप १५ रोपनी जग्गा थप गर्न सहमति दिने गरी हुँगी अमिल्टार सामुदायिक वन उपभोक्ताहरुको मिति २०८२/०८/१६ को भेलाले निर्णय गरेको साथै रम्भा गाउँपालिका वडा नं १ को वडा समितिको निर्णयबाट समेत सोहि सम्बन्धमा निर्णय भएको हुदाँ उल्लिखित जग्गा व्यवस्थापनको लागि सो विषयमा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९(पहिलो संशोधन, २०८२) को दफा ५ को उपदफा २ बमोजिमको समितिलाई जानकारी गराउने तथा जग्गा प्राप्ति प्रक्रिया अघि बढाउने प्रयोजनका लागि सिफारीस गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

**अतिरिक्त काम गरेको स्वास्थ्य कर्मिहरुको सेवा सुविधा सम्बन्धमा:** यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु हुँगी स्वास्थ्य चौकी र ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रबाट २४ सै घण्टा स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा अतिरिक्त सेवा प्रवाह गरे बापत तपसिल बमोजिमको पदमा कार्यरत स्वास्थ्य कर्मिहरुलाई प्रोत्साहन स्वरुप देहाय बमोजिमको प्रोत्साहन रकम हाजिरी र मासिक सेवा प्रतिवेदनका आधारमा भूक्तानी दिने निर्णय गरियो।

१. मेडिकल अधिकृत प्रति दिन रु.१०००

२. पारामेडिक्स/नर्सिङ्ग प्रति दिन रु.४००    ३. का.स. प्रति दिन रु.२००

**निर्णय नं ७**

**योजना कार्यान्वयन सम्बन्धमा:** चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा गरियो। साथै योजनाहरु यथाशिघ्र सम्पन्न गर्न जोड दिने निर्णय गरियो।

CamScanner

बैठक नं. ०७

मिति: २०८२/०८/२१

**निर्णय नं ८**

**आर्थिक सहायता सम्बन्धमा**

- यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का,वडा कार्यालयको सिफारीस समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने साथै मिति २०८२/०३/२४ मा भएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | विषय | सहायता रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मन बहादुर सिंजाली रम्भा ३ घ्योङसिङ |  | मुटुको भल्ल ब्लकेजका कारण गम्भिर स्वास्थ्य समस्या | १०००० | कडारोग उपचार यातायात सहायता | अनुमोदन |
| २ | जमुना उपाध्याय रम्भा १ |  | मुटु रोग | १०००० | कडारोग उपचार यातायात सहायता |  |
| ३ | अमोर सेवा केन्द्र फेदिखोला स्याङ्जा |  | अभिभावक विहिन बच्चाहरुको सहयोग | ५०००० | अभिभावक विहित तथा विपन्न विद्यार्थीका लागि अभिभावकत्व वहन कार्यक्रम |  |
| ४ | तारा देवी सुर्यवंशी रम्भा ३ |  | प्यारालाइसिस रोगबाट ग्रस्त | १५००० | आर्थिक सहायता |  |

**निर्णय नं ९**

**गाउँपालिकास्तरिय क्रिकेट खेल प्रतियोगिता संचालन सम्बन्धमा**: रम्भा गाउँपालिका वडा नं १ मा रहेको असेर्दी स्पोर्टस क्लवले क्रिकेट प्रतियोगिता संचालनको लागि पेश गरेको प्रस्तावना स्वीकृत गरी कार्यक्रम सम्पन्न प्रतिवेदन तथा बिलभर्पाईको आधारमा रु युवाहरुका लागि मागमा आधारित स्वरोजगारमूलक व्यवसायिक तालिम र कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

CamScanner

**निर्णय नं १०**

**खेल मैदान व्यवस्थापन गर्ने सम्बन्धमा**: यहि मिति २०८२ पौष महिनामा श्री कृष्ण गण्डकी मा.वि. रम्भा- १ असेर्दी मा संचालन हुने सातौ रम्भा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनको लागि खेलमैदान मर्मत तथा सरसफाईको लागि गाउँपालिकाको व्याकहो लोडर बाट नै गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

**नदिजन्य पदार्थ(ढुङ्गा गिट्टि बालुवा) निकासी सम्बन्धमा**: नदिजन्य प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टि,बालुवा) कच्चा निर्माण सामाग्री आदि निकासीको लागि रम्भा गाउँपालिकाबाट नदिजन्य पदार्थ निकासीको लागि तिन पटकसम्म आय ठेक्का सम्बन्धी सूचना आह्वान गरिएकोमा कुनै पनि फर्मबाट ठेक्का प्राप्तिको लागि दरभाउपत्र पेश नभएको हुदाँ रम्भा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन समेतलाई आधार मानि प्राकृतिक श्रोतको चोरी निकासी समेतलाई रोकी स्थानीय स्तरका पूर्वाधार निर्माणलाई गतिशिलता प्रदान गर्नका लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन (प्रदेश आर्थिक ऐन,२०८२) मा तोके बमोजिमको दररेट बमोजिम हेभि इक्युपमेन्ट प्रयोग नगरी कर्मचारीको व्यवस्था गरी निकासी हुने क्षेत्रका बाटोलाई गाउँपालिकाले नै व्यवस्थापन गर्ने गरी संक्षिप्त वातावरणीय परीक्षण पूरा गरेका कालीगण्डकी नदी (कराङ्दी घाट) डुम्रिकुना/सँगाहाघाट र हुँगी घाट रम्भा १ बाट अमानतमा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा(कच्चा निर्माण सामाग्री) निकासी कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १२**

**अधुरा सडक संचालन गर्ने सम्बन्धमा**:

क) मस्लेङ देखि भृकुटी प्रा.वि. जाने मोटरबाटोः रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित मस्लेङ देखि भृकुटी प्रा.वि. जाने मोटरबाटोमा सवारी आवागमनमा असहजता सिर्जना भएको हुदाँ उक्त मोटरबाटो संचालनमा ल्याउनको लागि गाउँपालिकाको व्याकहो लोडर प्रयोग गर्ने निर्णय गरियो ।

ख) गत आर्थिक वर्षमा निर्माण अधुरो रहेको बेल्टार देखि बिसमुरेघाट जाने मोटरबाटो निर्माण कार्य सम्पन्न गर्न चालु आ.व. २०८२/०८३ मा प्राविधिक लागत अनुमान बमोजिमको कार्य गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

**गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा**: आ.व. २०८२/०८३ को हालसम्ममा गाउँपालिका र अन्तर्गतका कार्यालयबाट सम्पादित बार्षिक कार्यक्रम र विकास आयोजना, सुशासन तथा सेवा प्रवाहको प्रभावकारीता र अवस्थाका सम्बन्धमा आमनागरिकलाई जानकारी गराउने साथै जनगुनासो समेतको सम्बोधन गर्ने उद्देश्यले वडास्तरबाट सार्वजनिक सुनुवाई सम्पन्न गरि गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

**साझेदारी कार्यक्रम संचालन गर्ने सम्बन्धमा**: गाउँपालिकाको आ व २०८२/०८३ को लागि स्वीकृत कृषि तथा पशु विकास कार्यक्रमका लागि विभिन्न संघसंस्थासँग साझेदारी कार्यक्रम संचालनको लागि आवश्यक प्रक्रिया अघि निर्णय गरियो ।

CamScanner

निर्णय नं १५

**कार्यक्रम कार्यान्वयन सम्बन्धमा**: रम्भा गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुपन्देही रक्त सञ्चार सेवा केन्द्र, वुटवल र भैरहवा संग रम्भामा स्थायी वसोवास गर्ने नागरिकहरु घाईते वा विरामी अवस्थामा उपचारका लागि निशुल्कःरगत उपलब्ध गराउने उद्देश्यले यस आ.व. ०८२/०८३ मा सम्झौता गरि कार्य अघि बढाउन रु ५०,०००स्वीकृत बार्षिक कार्यक्रम ब्लड बैंक संचालन सहकार्य नेपाल रेडक्रस सोसाइटी सँग शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १६

**अध्ययन अनुसन्धान सहयोग सम्बन्धमा**: यस गाउँपालिकाका तपसिल बमोजिमका विद्यार्थीहरुले तपसिल बमोजिम विषयमा Project work गरि प्रतिवेदन प्राप्त भएको हुदाँ गाउँपालिका भित्रका विद्यार्थीहरुलाई अनुसन्धानमा सहयोग गरि प्रोत्साहित गर्ने उद्देश्यले नवप्रवर्तन तथा अध्ययन अनुसन्धान सहयोग कार्यक्रममा विनियोजित बजेटबाट प्रति विद्यार्थी रु २०,०००(अक्षेरपि बिस हजार) भुक्तानी दिने।

| क्र सं | विद्यार्थीको नाम थर ठेगाना | विषय |
|---|---|---|
| १ | अनुप जिसी रम्भा ३ पाल्पा | Synthesis of Hydrated calcium cerim hydroxide composite Adsorbent for the removal of phosphate from water |
| २ | सृष्टि पौडेल क्षेत्री रम्भा ४ पाल्पा | Green synthesis of zinc oxide nano particles using Acacia catechu seeds for photocatalytic and antimicrobial activity |